# भाग ५

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको

## सूचना -१

**भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०७५**

भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०७२ को दफा २ मा संशोधनः** भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०७२(यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "कार्यालय" भन्नाले प्राधिकरण वा प्राधिकरणले तोकेको कार्यालय सम्झनु पर्छ।"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

३. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधन</u>:** मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (ग) मा रहेका "नेपाल राज्यभर" भन्ने शब्दहरु पछि "बसोबास योग्य" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३) र (४) मा रहेका "सो निकायले" भन्ने शब्दहरुको सट्टा "सो स्थानीय तहले" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>मूल कार्यविधिको दफा ४ मा संशोधन</u>:** मूल कार्यविधिको दफा ४ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) जिल्ला समन्वय अधिकारी - सदस्य"

(२) खण्ड(घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) प्राधिकरणको जिल्ला स्थित कार्यालय प्रमुख - सदस्य "

५. **<u>मूल कार्यविधिको दफा १५ मा संशोधन</u>:** मूल कार्यविधिको दफा १५ को,-

(१) उपदफा (१) मा रहेका "क्षतिग्रस्त घरबास भएको" भन्ने शब्दहरुको सट्टा "घरबास बनाउने" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) काठमाडौं उपत्यका भित्र १२७·१६ वर्ग मिटर,

(ख) खण्ड (क) बाहेकका नगरपालिका र जिल्ला सदरमुकाम रहेका गाउँपालिकामा १९०.७४ वर्ग मिटर,"

६. **रुपान्तर:** मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

## सूचना -२

### भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद (दोस्रो संशोधन) कार्यविधि, २०७५

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद (दोस्रो संशोधन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२ को दफा ३ मा संशोधन:** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी सार्वजनिक खरिद कार्यविधि, २०७२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को,-

(१) उपदफा (३) को,-

(क) खण्ड (क) मा रहेका “पच्चीस हजार रुपैयाँदेखि एक करोड रुपैयाँसम्मको” भन्ने शब्दहरुको सट्टा “एक करोड रुपैयाँसम्मको” भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका “एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्मको” भन्ने शब्दहरुको सट्टा “पाँच करोड रुपैयाँसम्मको” भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ग) मा रहेका “तीन करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्मको” भन्ने शब्दहरुको सट्टा “दश करोड रुपैयाँसम्मको” भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका “पाँच लाख रुपैयाँसम्मको” भन्ने शब्दहरुको सट्टा “दश लाख रुपैयाँसम्मको” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका “दश लाख रुपैयाँसम्मको” भन्ने शब्दहरुको सट्टा “पच्चीस लाख रुपैयाँसम्मको” भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेका “पच्चीस लाख रुपैयाँसम्मको” भन्ने शब्दहरुको सट्टा “पचास लाख रुपैयाँसम्मको” भन्ने शब्दहरु राखिएका छन् ।

(घ) खण्ड (घ) मा रहेका “पच्चीस लाख रुपैयाँभन्दा बढीको” भन्ने शब्दहरुको सट्टा “पचास लाख

रुपैयाँभन्दा बढीको" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधन</u>:** मूल कार्यविधिको दफा ११ को,-

(१) उपदफा (१) को खण्ड (ख) मा रहेका "तीन करोड रुपैयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "दश करोड रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "तीन करोड रुपैयाँभन्दा बढीको" भन्ने शब्दहरुको सट्टा "दश करोड रुपैयाँभन्दा बढीको" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधन</u>:** मूल कार्यविधिको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. **<u>प्रस्ताव माग गर्ने</u>:**दफा ११ बमोजिम संक्षिप्त सूची तयार भए पछि सम्बन्धित निकायले त्यस्तो संक्षिप्त सूचीमा परेका आशयपत्र दातालाई प्रस्ताव सम्बन्धी कागजात र विवरण पठाई कम्तीमा पन्ध्र दिनको समयावधि दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ।"

५. **<u>मूल कार्यविधिको दफा १४ मा संशोधन</u>:** मूल कार्यविधिको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"१४. **<u>उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण गराउन सकिने</u>:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दुई करोड रुपैयाँसम्म लागत अनुमान भएको सामुदायिक विद्यालय, सामुदायिक स्वास्थ्य केन्द्र, स्थानीय प्रहरी चौकी,गाउँपालिका वा नगरपालिकाको भवन जस्ता

सार्वजनिक महत्वका स्थानीय पूर्वाधारको निर्माण गर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिनेछ ।

तर भूकम्पबाट क्षति पुगेका राष्ट्रिय महत्वका पुरातात्विक सम्पदाहरुको जीर्णोद्धार तथा पुनर्निर्माण गर्नका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिसको आधारमा कार्यकारी समितिको निर्णय बमोजिम दश करोड रुपैयाँसम्मको लागत अनुमान भएको आयोजना समेत गाउँपालिका वा नगरपालिकामा गठित उपभोक्ता समिति मार्फत गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा त्यस्तो कार्यको सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ ।"

## सूचना -३

## भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि,२०७२ को दफा २ मा संशोधन:** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "कार्यालय" भन्नाले प्राधिकरण वा प्राधिकरणले तोकेको कार्यालय सम्झनु पर्छ।"

३. **मूल कार्यविधिको दफा ८ मा संशोधन:** मूल कार्यविधिको दफा ८ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) सम्वन्धित गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख -सदस्य"

४. **रुपान्तर:**मूल कार्यविधिको ठाउँ ठाउँ मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

## सूचना -४

**भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५**

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा ४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७२ को दफा २ मा संशोधन:** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७२ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (छ)को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. **मूल कार्यविधिको दफा ७ मा संशोधन:** मूल कार्यविधिको दफा ७ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) आयोजना प्रमुख, प्रस्तावसँग सम्बन्धित केन्द्रीय आयोजना कार्यान्वयन इकाई -सदस्य"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) प्रमुख कार्यकारी अधिकृतले तोकेको प्राधिकरणको सहसचिव -सदस्य-सचिव"

४. **मूल कार्यविधिको दफामा ९ मा संशोधन:** मूल कार्यविधिको दफामा ९ को,-

(१) उपदफा (१) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (२) र (३) मा मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुका सट्टा "गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल कार्यविधिको दफा १६ मा संशोधन:** मूल कार्यविधिको दफा १६ को अन्त्यमा "यसरी गरिएको परीक्षणको नतिजाको आधारमा असर न्यूनीकरणका आवश्यक उपाय अवलम्बन गरिनेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

**आज्ञाले,**
**डिल्लीराज घिमिरे**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १५।-
गो.हु.द.नं. १६।२०६२।६३